आर्थिक अभियान
राष्ट्रिय दैनिक
हरेक दृष्टि, आर्थिक कोण
www.abhiyan.com.np @abhiyannationaldaily @aarthik_abhiyan
Aarthik Abhiyan वर्ष १२ अङ्क ७४ काठमाडौं बुधवार, १ मङ्सिर २०७३ Wednesday, November 16, 2016 पृष्ठ ८+४+४ मूल्य रु १०/-



# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०७३/०७४ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (२) संग सम्बन्धित

अनुसूची – १४

सोल्टी होटल लिमिटेडको २०७३ आश्विन मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७३/०७४ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको प्रतिवेदनः

### १. वित्तीय विवरण

(कम्पनीको हिसाब किताब इश्वी सम्वत् (अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुंदा आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को १६ जुलाई २०१६ देखि ३० सेप्टेम्बर २०१६ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ ।)

(क) आर्थिक वर्ष २०७३/०७४ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-
आर्थिक वर्ष २०७३/०७४ अन्तर्गत कम्पनीको ३० सेप्टेम्बर २०१६ मा समाप्त भएको अवधिको (१६ जुलाई २०१६ देखि ३० सेप्टेम्बर २०१६ सम्म) वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ ।
प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७३/०७४ को प्रथम त्रैमासिक अवधि, ३० सेप्टेम्बर २०१६ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :-

| विवरण | प्रथम त्रैमासिक अवधि ३० सेप्टेम्बर २०१६ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत वर्षको सोहि (प्रथम) त्रैमासिक अवधि ३० सेप्टेम्बर २०१५ को अन्त्यमा (लेखापरीक्षण नभएको) |
|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | |
| ऋण पूंजीको अनुपात | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.०२ | ०.०१ |
| प्रति शेयर आम्दानी (रु.) | ०.६० | ०.१५ |
| प्रति शेयर नेटवर्थ (रु.) | २४.५९ | २८.४७ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३६.५८ | ४२.४० |
| प्रति शेयर बजार मूल्य (रु. १०/- प्रति शेयर) (रु.) | ४५८.०० | ४२५.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | ७६४.८२ | २,७५१.१५ |
| चालु अनुपात | १.४७ | १.३३ |

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७३/०७४ को प्रथम त्रैमासिक जुलाई, अगस्त र सेप्टेम्बर २०१६ को अवधिमा होटेलमा पर्यटक पाहुनाहरुको आगमनमा गत वर्षको सोही अवधिको तुलनामा लगभग २६ प्रतिशतले बृद्धि भएको तथ्यांकले देखाएको छ । जसमा भारतीय र चिनीयां पर्यटक आगमनमा महत्वपूर्ण बृद्धि भएको छ । समग्रमा चालु आर्थिक वर्ष २०७३/०७४ को प्रथम त्रैमासिकको समिक्षा अवधि १६ जुलाई २०१६ देखि ३० सेप्टेम्बर २०१६ सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आर्जन/आम्दानी समग्रमा लगभग ३२.४२ प्रतिशतले बृद्धि भएको छ ।

(ख) समिक्षा त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलताको अवस्था सन्तोषजनक नै रहेको छ ।

(ग) चालु आर्थिक वर्ष २०७३/०७४ को आगामी दोस्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायिक रणनितिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अवलम्बन गरी आम्दानी अभिबृद्दि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययिता, नियन्त्रणात्मक कार्ययोजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा सुक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरु संचालन जारी राख्नेछ ।

(घ) कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा सशक्त बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने कार्य निरन्तर रुपमा जारी राखेकोछ । कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने रणनिति सहित कर्पोरेट, सेमिनार, सभा, सम्मेलन र बैंक्वेट तथा व्यवसायको अन्य बजार अंशलाई शसक्तिकरणका साथ आकर्षित गर्दै समग्रमा व्यवसाय अभिबृद्धि गर्ने योजना अनुरुप कार्ययोजना लाई कार्यान्वयन गरी रहेको छ । कम्पनीले आगामी अवधिमा रणनितिक रुपमा बजार व्यवस्थापन गर्ने, पर्यटन बजारको विविध खण्डहरुमा प्रवेश गरी पर्यटक आकर्षित गर्नेछ ।

(ङ) समिक्षा अवधिमा कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाह सम्बन्धमा गत वर्षको प्रथम त्रैमासिक अवधिको तुलनामा उल्लेख्य अभिबृद्धि भएको छ ।
कम्पनीले समिक्षा अवधि प्रथम त्रैमासिक २०७३/०७४ मा व्यवस्थापकिय कार्य कुशलता सहित अधिकतम मितव्ययिता अपनाई प्रतिकुल परिस्थितिको प्रभावलाई अधिकतम न्यूनिकरण गर्दै कुशल व्यवस्थापकीय रणनिति अपनाउँदै सुक्ष्म व्यवस्थापनका साथै कम्पनीको मुनाफामा हुने ह्रासलाई तुलनात्मक रुपले कम गर्ने नितिलाई निरन्तरता दिइनै राख्नेछ ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७३/७४ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७३/७४ को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७३/७४ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७३/७४ को आश्विन मसान्त २०७३ मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः-

| त्रैमासिक आ.व. २०७३/७४ (२०१६/१७) | शेयरको कारोबार - मूल्य (रु.) | | | कूल शेयरको कारोबार - दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक (२०७३ आश्विन मसान्त) | ४९०/- | ३६५/- | ४५८/- | ५५ | २,३२५ | १,१४४,९४४ |

### ५. समस्या तथा चुनौती

(क) समस्याहरुः तथा चुनौतीहरुः

आन्तरिक
(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

बाह्यः
(१) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(२) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(३) शान्ति सुरक्षा, आर्थिक र राजनैतिक अवस्था तथा प्रतिकूल यात्रा निर्देशिकाहरुबाट पर्न सक्ने प्रभाव ।
(४) विदेशी विनिमय दरमा (अमेरिकी डलर र युरो) हुने अप्रत्याशित परिवर्तन ।
(५) देशमा बढदो उर्जा संकट, अनियमित तथा व्यापकरुपमा गरिने बिद्युत आपूर्तिमा कटौती, इन्धन तथा तत्सम्बन्धी औद्योगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य बृद्धि तथा आकाशिंदो उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट प्रत्यक्ष र अप्रत्यक्षरुपमा पर्ने प्रभाव ।
(६) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, सिमा नाकाबन्दिको असर, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा कमीबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) अचानक आइपर्ने असहज परिस्थिति, प्राकृतिक विपदा तथा प्रकोपहरु ।

(ख) रणनिति
सशक्त बजार व्यवस्थापन, होटेलका पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरिय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नति । होटेलका सेवा सुविधा सम्बन्धी भौतिक पूर्वाधार संरचनाहरुको स्तरबृद्धि वा प्रतिस्थापन गरी लक्ष्य अनुसारको पर्यटन व्यवसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तदनुरुप कायम राख्ने ।

६. संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ। लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ।

(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ।

(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जस्ले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ।

(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

८. नियम २२ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ (संशोधन सहित) को नियम २२ को उपनियम (५) बमोजिम आर्थिक वर्ष २०७३/०७४ को प्रथम त्रैमासिक अवधिमा भएका विशेष घटना वा परिस्थितिको विवरण:-

| क्र.सं. | घटना वा परिस्थितिको विस्तृत विवरण | परिस्थिति सृजित भएको मिति | नेपाल धितोपत्र बोर्डमा सूचना पेश गरेको मिति |
|---|---|---|---|
| १ | संचालक समितिको मिति २०७३ आश्विन १६ गते (२ अक्टुबर २०१६) बसेको संचालक समितिको बैठकले संस्थागत शेयरधनी श्री सोल्टी इन्टरप्राईजेज प्रा.लि. को तर्फबाट मनोनित संचालक श्री जया राज्य लक्ष्मी शाहलाई संचालकमा नियुक्त गरेको सम्बन्धमा जानकारी पठाएको। | २०७३ आश्विन १६ | २०७३ आश्विन २० |

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 30 SEPTEMBER 2016 (FIRST QUARTER) OF THE FISCAL YEAR 2073/074 (2016/17)

Rs. in '000

| PARTICULARS | Up to This Quarter ending 30 Sept. 2016 (Unaudited) | Same Quarter Previous Fiscal year ending 30 Sept. 2015 (Unaudited) |
|---|---|---|
| **BALANCE SHEET** | | |
| **CAPITAL AND LIABILITIES** | | |
| **Share Capital** | 526,526 | 421,218 |
| Reserves and Retained Earnings | 768,455 | 777,810 |
| | 1,294,981 | 1,199,028 |
| **Secured Loans** | | |
| Long Term Loans (Hire purchase) | 7,468 | 8,529 |
| **TOTAL** | **1,302,449** | **1,207,557** |
| **ASSETS** | | |
| Fixed Assets (Net) | 671,665 | 705,432 |
| Capital WIP | 205,515 | 185,298 |
| Investments | 83,967 | 65,967 |
| Deferred Tax Assets | 45,825 | 51,853 |
| | **1,006,972** | **1,008,550** |
| **CURRENT ASSETS** | | |
| Inventories | 60,030 | 65,311 |
| Sundry Debtors | 231,460 | 210,901 |
| Cash and Bank Balances | 262,392 | 286,416 |
| Call Account/Time Deposits | 157,199 | 63,613 |
| Prepaid, Advances, Loans & Deposits | 208,185 | 151,172 |
| **Total** | **919,266** | **777,413** |
| **LESS: CURRENT LIABILITIES AND PROVISIONS** | | |
| Current Liabilities | 358,933 | 322,388 |
| Provisions | 267,037 | 260,953 |
| **Total** | **625,970** | **583,341** |
| **NET CURRENT ASSETS** | **293,296** | **194,072** |
| **DEFERRED EXPENDITURES** | **2,181** | **4,935** |
| **TOTAL** | **1,302,449** | **1,207,557** |
| **INCOME STATEMENT** | | |
| **INCOME** | | |
| Income from Operations | 294,199 | 222,171 |
| Dividend from investment (Net) | - | - |
| **TOTAL** | **294,199** | **222,171** |
| **EXPENDITURE** | | |
| Food & Beverage Expenses | 54,064 | 37,009 |
| Salaries & Employee's Benefit | 87,297 | 82,082 |
| Operative & Administrative Expenses | 85,856 | 74,899 |
| **Gross Operating Profit** | **66,982** | **28,181** |
| Depreciation and Amortization | 19,154 | 17,709 |
| Deferred Expenses | 574 | 574 |
| Interest on Loans | 96 | 110 |
| (Profit)/Loss in Exchange | 63 | (182) |
| (Profit)/Loss on sale of Assets | - | - |
| Employees' Housing | 2,355 | 499 |
| Provision for Staff Bonus | 4,067 | 861 |
| **Profit before Taxes** | **40,673** | **8,611** |
| Provision for Tax | 9,143 | 2,104 |
| **Profit after Tax** | **31,530** | **6,507** |

टिप्पणी : उपरोक्त आर्थिक विवरणहरुको लेखापरीक्षण नभएकोले लेखापरीक्षण हुँदा लेखापरीक्षकबाट कुनै परिवर्तन भएमा सोहि अनुसार हुनेछ।